(ङ) महानगरपालिकाको वडा नं. २० अन्तर्गतको ¥यालेचौरको श्री महेन्द्र मा.वि. आसपासको क्षेत्रमा सडकको दायाँ तर्फ १५० मिटर र बायाँ तर्फ ५०० मिटर सम्मका क्षेत्र,

(च) महानगरपालिकाको वडा नं. २० अन्तर्गतको ¥यालेचौर खोर हुदै भलाम कालीखोलाको सीमाना झोलुङ्गेपुलको सीमाना सम्मको मुल सडकको दायाँ बायाँ ५०० मिटर सम्मका क्षेत्र,

(छ) साविक आर्बा विजय गा.वि.स. वडा नं. ३, कांहु खोलापुल देखि कसेरी जाने मुल बाटोको दायाँ १.५ किलो मिटर सम्म र बाँया २०० मिटर सम्मका क्षेत्र,

---

[१] प्रशासकस्तरीय निर्णयबाट संशोधन (परिपत्र नं. ११९७)।

(ज) साविक निर्मलपोखरी गा.वि.स. वडा नं १, दोविल्लापुल देखि लेखनाथ नगरपालिकाको सीमा सम्म दायाँ बायाँ क्रमशः ७०० र ३०० मिटर सम्मका क्षेत्र,

(झ) साविक कृष्ति नाच्चेचौर गा.वि.स. वडा नं ३, फुस्रे खोलाको पुल देखि भुंग्रे खोलाको पुल सम्मको सडकको दायाँ ३०० मिटर सम्मका क्षेत्र,

(ञ) साविक पुम्दी भुम्दी गा.वि.स. वडा नं १, ३, ४ र ५, भागलुङ्गखोला देखि कालीमाटी खोला सम्मको सिद्धार्थ राजमार्गको दायाँ २०० र बायाँ ५० मिटर सम्मका क्षेत्र,

(ट) साविक सारांगकोट गा.वि.स. वडा नं ७,४ र २ हल्लनचोक देखि पामे जाने सडकको सेडी, भकुण्डे, खपौदीबजार सम्म दायाँबायां क्रमश : ३०० र ३० मिटर सम्मका क्षेत्र,

(ठ) साविक हेम्जा गा.वि.स.का क्षेत्र,

(ड) साविक लेखनाथ नगरपालिका हाल पोखरा महानगरपालिका भित्र पोखराबाट पृथ्वीलोक मार्गको बायाँतर्फ विजयपुर खोला देखि तल्लो गगनगौंडा सम्म २ किलो मिटर र तल्लो गगनगांडा देखि कोत्रे खोला सम्म ५०० मिटर सम्मका क्षेत्र,

(ढ) पृथ्वी लोकमार्गको दायाँतर्फ विजयपुर खोला देखि भण्डारढिक नेपाल आदर्श चोक सम्म १ किलोमिटर र नेपाल आदर्श चोक देखि कोत्रे खोला सम्म ५०० मिटरका क्षेत्र,

(ण) तालचौक देखि बेगनास ताल सम्मजाने पिच बाटोको दायाँबांया ५०० मिटर सम्मको क्षेत्र र शिशुवाचोक देखि साविक लेखनाथ नगरपालिका वडा नं १३ मा रहेको जनताको चौतारो सम्मजाने मुल सडकको दायाँबाया ५०० मिटर सम्मका क्षेत्र,

(त) वडा नं. ३३ (साविक भरतपोखरी गा.वि.स. वडा नं २, ३ र ४) ठुलढुङ्गा देखि लामगादी सम्म मुल सडकको दायाँ बाया क्रमशः ७०० र ४०० मिटर सम्मका क्षेत्र।

(थ) पोखरा महानगरपालिका वडा नं ११ भित्र पर्ने जाइका खानेपानी टंकीदेखि काहुँ बसपार्कसम्म जाने धरहरा-काहुँ मूल सडकसँग जोडिएको क्षेत्र।

(द) पोखरा महानगरपालिका वडा नं १८ चिसा खोलामा पर्ने फिर्के खोलको कलवटबाट ५०० मीटर सम्मका चिसाखोला मूल सडकको दायाँबायाँ १०० मीटरभित्रको क्षेत्र।

(ध) पोखरा महानगरपालिका वडा नं १८ मा पर्ने गुरुकुल टोल विकास संस्थाको मूलद्धारबाट अँधेरीकुना हुँदै पोखरा-बाग्लुङ्ग राजमार्गमा निस्कने मूल बाटोको दायाँ ५०० मीटर तथा बायाँ ५० मीटरभित्रको क्षेत्र।

[∅](न) पोखरा महानगपालिका वडा नं २४ भित्र पर्ने सराङ्खकोट हुँदै नागडाँडा जाने मूल सडक खण्डको कास्कीकोट वडा नं. २४ को सिमानादेखि अन्नपुर्ण गाउँपालिकाको सिमानासम्म सडकको दायाँबायाँ १५० मिटर भित्रको क्षेत्र।

∅(प) पोखरा महानगरपालिका वडा नं. ३२ भित्र पर्ने मालेपाटन क्षेत्रभित्र जनताको चौतारा हुँदै लमजुङ्ग जाने मूल सडक खण्डको दायाँबायाँ ५०० मिटर भित्रको क्षेत्र।

∅(फ) पोखरा महानगरपालिका वडा नं. ३२ अन्तर्गत ढोरबेशी क्षेत्रभित्र जनताको चौतारा हुँदै लमजुङ्ग जाने मूल सडक खण्डको दायाँ ५० मिटर बायाँ ३०० मिटर भित्रको क्षेत्र।

[∅](२१.२)माछापुच्छ्रे गाउँपालिका

(क) गाउँपालिकाको वडा नं. ६ भित्र पर्ने भेडाबारीदेखि खोरामुखसम्म जाने मूल सडक खण्डको दायाँबायाँ ३०० मीटर भित्रको क्षेत्र।

(ख) गाउँपालिकाको वडा नं.४ भित्र पर्ने लाहाचोक जाने मूल सडकखण्डको दायाँबायाँ ५०० मीटरभित्रको क्षेत्र।

(ग) गाउँपालिकाको वडा नं. ४ भित्र पर्ने लाहाचोक देउराली आधारभुत विद्यालय हुँदै घाचोक जाने मूल सडक खण्डको दायाँ १०० मीटर तथा बायाँ ३०० मीटर भित्रको क्षेत्र।

(घ) गाउँपालिकाको वडा नं. ३ भित्र पर्ने घाचोक क्षेत्र सुन्दरबस्ती चोकसम्म मूल सडक खण्डको दायाँ ५० मीटर र बायाँ ३०० मीटर भित्रको क्षेत्र।

∅ प्रशासकस्तरीय निर्णयबाट थप गरिएको (परिपत्र नं. ११८४)।

∅ प्रशासकस्तरीय निर्णयबाट थप गरिएको (परिपत्र नं. ११८४)।

[१]प्रशासकस्तरीय निर्णयबाट संशोधन (परिपत्र नं. ११९७)।

(२२) तनहुँ जिल्ला

(२२.१) ब्यास नगरपालिका :

(क) नगरपालिकाका बडा नं २, १० र ११ का क्षेत्र,

(ख) पृथ्वी लोकमार्गबाट भादगाउ हुदै छाब्दी बराह जाने बाटोको इन्द्रणी स्काइ स्कूल सम्म मुलबाटोको दायाँबायाँ ३०० मिटर सम्मको क्षेत्र र तालघरे क्षेत्रमा ५०० मिटर सम्मका क्षेत्र,

(ग) नगरपालिकाको बडा नं ५ डिही गाउहुदै सतिस इङ्गिलस बोर्डिङ्ग स्कूल सम्म बाटोको दायाँबायाँ ३०० मिटर सम्मका क्षेत्र,

(घ) नगरपालिकाको बडा नं ७ पृथ्वी लोकमार्गको आसपास र चाँपाघाट देखि ढोढेनी सम्म मुलसडकको दायाँबाँया १०० मिटर सम्मका क्षेत्र,

(ङ) नगरपालिकाको बडा नं ८ पृथ्वीलोकमार्गको बायाँतर्फ ३०० मिटर र सांगे जाने मुल सडकको १.५ किलो मिटर दुरी सम्मको दायाँबाँया ५०० मिटर सम्मका क्षेत्र ।

[१](च) व्यास नगरपालिका वडा नं. ११ को वडा कार्यालयदेखि बुल्दिखोला हुदैँ अन्धेरी भञ्ज्याङसम्म जाने सडक खण्डभित्र पर्ने दायाँ ७०० मिटर र बायाँ ४०० मिटरभित्र पर्ने पूर्वाधार विकास भएका क्षेत्र ।

(२२.२) भानु नगरपालिका :

(क) नगरपालिकाको वडा नं. १ पुल्चोक (चुँदी पुल) देखि वडा नं. २ को अम्बोटे सम्म डुम्रे वेशिशहर मूल सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

[२](ख) नगरपालिका अन्तर्गत वडा नं. १ को भन्सार चोकदेखि फुर्सेटार हुँदै वडा नं. २ भानुचोकबाट श्री सुन्दर आधारभुत विद्यालयसम्म जाने मूल सडक खण्डको दायाँबायाँ ३०० मीटर भित्रको क्षेत्र ।

(२२.३) बन्दिपुर गाउँपालिका :

(क) पोखराबाट दमौली हुँदै मुग्लिङ्ग जाने मूल सडक अन्तर्गत गाउँपालिका वडा नं. १ डुम्रे बजारको दुर्गा (पूर्ण कामना) मन्दिर देखि शिव मन्दिर (पिपल चौतारा) सम्मको दायाँ बायाँ १०० मिटर सम्मका क्षेत्र ।

(२२.४) म्याग्दे गाउँपालिका :

(क) शुक्ला गण्डकी नगरपालिकाको कुम्ले खोला देखि म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकाको सिमानासम्म पोखरा मुग्लिङ्ग मूल सडक खण्डको दायाँबायाँ बढीमा ५०० मिटर भित्र पर्ने र थर्पु बजारका क्षेत्र ।

(२२.५) भिमाद नगरपालिका :

(क) नगरपालिकाका वडा नं. ६ र ७ भित्र पर्ने सेती नदीको पुल हुँदै मालेबगर पुलसम्म दायाँ ३०० मिटर र बायाँ ५० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिकाको वडा नं. ६ भित्र पर्ने मालेबगरको पुल देखि मालेबगर पिपलको चौतारासम्म दायाँ ५० मिटर र बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(ग) नगरपालिकाका वडा नं. ६ र ७ भित्र पर्ने भिमाद बजार चोक देखि देउराली सम्म दायाँ १०० मिटर (भिमाद नगरपालिका वडा नं. ७ भित्र पर्ने र बायाँ ५०० मिटर (भिमाद नगरपालिका वडा नं. ६ भित्रका क्षेत्र ।

(२२.६) शुक्ला गण्डकी नगरपालिका :

(क) कोत्रे बजार (कोत्रे पुल) देखि खैरनीटार कुम्ले खोलाको पुलसम्मका क्षेत्र,

(ख) साविक दुलेगौडा, खैरहनी र स्थानचोक गा.वि.स. अन्तर्गत कोत्रे पुल देखि कुम्ले खोलासम्म पृथ्वी लोकमार्गको बायाँतर्फ १ किलो मिटर, दायाँतर्फ ३० मिटर, दुलेगौडा क्षेत्रमा दायाँतर्फ ५०० मिटर र खैरेनीटार बजार क्षेत्रमा दायाँ तर्फ ५०० मिटर सम्मका क्षेत्र,

(ग) दुलेगौडा बजार हुँदै मग्याम चिसापानी जाने मूल सडक खण्डमा वडा नं. ८ भित्र पर्ने भाटीको डिल (ठुटे पिपलको चौतारा) देखि शहिद कृष्ण पार्कसम्म दायाँ १.५ किलो मिटर र र बायाँ २०० मिटर सम्मका क्षेत्र,

(घ) नगरपालिकाको वडा नं. ८ भीत्रपर्ने शहिद कृष्ण पार्क देखि लोटस वर्ड स्कूल सम्म मूल सडक खण्ड (दुलेगौडा बजार हुँदै मग्याम चिसापानी जाने बाटो) को दायाँ बायाँ ६०० मिटर सम्मका क्षेत्र,

(ङ) नगरपालिकाको वडा नं. ८ भीत्रपर्ने लोटस वर्ड स्कूल देखि वडा नं. ९ को सिमाना कट्टीको आँप चोकसम्म (दुलेगौडा बजार हुँदै मग्याम चिसापानी जाने मूल सडक खण्ड) को दायाँ २०० मिटर र बायाँ ६०० मिटर सम्मका क्षेत्र,

(च) नगरपालिकाको वडा नं. ९ भीत्र पर्ने स्याउली बजार देखि वडा नं. ९ को साँखरसम्म दुलेगौडाबाट फिरफिरे जाने मूल सडक खण्डको दायाँ २०० मिटर र बायाँ ६०० मिटर सम्म (घाँरी क्षेत्र समेत) का क्षेत्र।

[φ](छ) कोत्रेबजार हुँदै शुक्लागण्डकी-२, एकलेखेल जाने सडक खण्डभित्र पर्ने हंसवाहिनी स्कुलदेखि नयाँ चोक (विशाल एग्रो प्रा. लि.) सम्म मूल सडकको दायाँ ५०० मीटर तथा बायाँ ५० मीटर सम्मको क्षेत्र।

(२२.७) पृथ्वी लोकमार्गको दायाँबायाँ क्षेत्र मध्ये दुलेगौडा क्षेत्रमा लोकमार्गको दायाँ (सेती नदीतिर) ३० मिटर सम्म र बायाँ तिर लोकमार्ग देखि ५०० मिटर सम्मका क्षेत्र,

(२२.८) साविक स्थानचोक गा.वि.स. को बडा नं १ मा रहेको एक्लेखेतबाट थप्रेक जाने बाटोको दायाँवांया क्रमशः ५०० र १०० मिटर सम्मका क्षेत्र,

(२२.९) पोखरा तर्फबाट खैरनीटार बजार क्षेत्रमा दायाँतर्फ ५०० मिटर सम्मका क्षेत्र।

(२३) लमजुङ्ग जिल्ला

(२३.१) सुन्दर बजार नगरपालिका :

(क) नगरपालिकाको वडा नं. ७ पौदी बजारको बाँया ३०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिकाको वडा नं. ९ को सिमानादेखि फुलवारीको सिमानासम्म मूलबाटोको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(ग) नगरपालिकाको वडा नं. ९ भोटे ओडारको मूल सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(घ) सिउडीवार चोक देखि साली मराङ्ग खोलासम्म मूल सडकको दायाँबायाँ ३०० मिटर सम्मका क्षेत्र,

(ङ) सालिमराङ्ग खोला देखि सुन्दरबजार कृषि क्याम्पस गेट सम्मको पक्की सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(च) कृषि क्याम्पस गेट सुन्दर बजार वडा नं. ७ देखि सैनिक टोलसम्म दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(छ) नगरपालिकाको वडा नं. ६ सैनिक टोल देखि मानेचौका जाने पक्की सडक सयपत्री बोर्डिङ्ग स्कुल गेटसम्म दायाँबायाँ बढीमा ३०० मिटर सम्मका क्षेत्र,

(ज) कृषि क्याम्पसको गेट देखि लक्ष्मी नारायण मन्दिरसम्मको सुन्दर बजार वडा नं. ६ भित्रको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(झ) नगरपालिकाको वडा नं. ६ को सिमाना ग्याग्दी खोला देखि वडा नं. ५ को खहरे खोलासम्म दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(ञ) सिउडीवार चोक भक्ती नमूना मा.वि. भोटे ओडार बालुनी चोक सुन्दर बजार वडा नं. ९ को सिमाना सम्म दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र।

(२३.२) वेशिशहर नगरपालिका :

(क) नगरपालिकाको वडा नं. २ गैरी क्षेत्र, तालफाँट क्षेत्र, वडा नं. ३ को वोहरा वेशी, रानी कुँवा क्षेत्र, वडा नं. ८ स्थित दनैफाँट, सेरा हुदै वडा नं. ७ मनाङ्गे चौतारा सम्म (जिल्ला वन कार्यालयको गेट) सम्म सदरमुकाम बजार क्षेत्रमा डुम्रे वेशिशहर सडक खण्डको दायाँ बायाँ ५०० मिटर सम्मका क्षेत्र।

[∅](२३.३) मध्यनेपाल नगरपालिका

(क) पुष्पलाल राजमार्गमा पर्ने करपुटार-भोर्लेटार सडकखण्ड अन्तर्गत वडा नं ६ दुईपिप्ले स्थित प्रहरी चौकीदेखि जनश्रम आधारभुत विद्यालय (खत्री गाउँ) सम्म सडकको बायाँतर्फ ५० मीटर तथा दायाँतर्फ १०० मीटरभित्रको क्षेत्र।

[∅](२३.४) राइनास नगरपालिका

(क) पुष्पलाल राजमार्ग अन्तर्गत् धमिलेकुवास्थित शारदा मा.वि. जाने चोकदेखि सहोदर अस्पताल जाने चोकसम्म राजमार्गको बायाँतर्फ ८० मीटर क्षेत्र र सोहि चोकदेखि सितलापुर मा.वि. सम्म राजमार्गको दायाँबायाँ १०० मीटरभित्रको क्षेत्र।

(ख) सितलापुर मा.वि. देखि वडा नं. ३ स्थित सन्तानेश्वर महादेव मन्दिरसम्म पक्की सडक (माछापोखरी चोक, राईनास नगर कार्यपालिकाको कार्यालय हुँदै) को दायाँबायाँ १०० मीटरभित्रको क्षेत्र।

[∅] प्रशासकस्तरीय निर्णयबाट थप गरिएको (परिपत्र नं. ११८४)।

[φ] प्रशासकस्तरीय निर्णयबाट संशोधन (परिपत्र नं. ११९७)।

(२४) गोरखा जिल्ला

(२४.१) गोरखा नगरपालिका :

(क) गोरखा नगरपालिका कार्यालय जाने सडक देखि संग्रालयसम्म मूल सडकको बढीमा दायाँ १०० मिटर र वाँया बढीमा ३०० मिटर सम्मका क्षेत्र,

(ख) आबुखैरेनीदेखि गोरखा जाने मूल सडकको १२ किलो देखि बारपाक जाने सडकखण्ड महादेवटार हुँदै दरौदी पुलसम्म गोरखा नगरपालिका वडा नं.१० भित्र पर्ने छेवेटार दायाँबायाँ बढीमा ३००मिटरसम्मका क्षेत्र ।

(२४.२) पालुङ्गटार नगरपालिका :

(क) नगरपालिका चोक देखि पालुङ्गटार वडा नं. ४ जैशीटार हात्तीगौडा जाने मोडसम्मको दायाँ १ किलो मिटर र बायाँ ५०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिकाको वडा नं. ५ ठाँटी पोखरी चोक हुदै पाडेवेशी जाने बाटोको भोलेश्वर शिव मन्दिर (वनदेवी माई सम्मको मूल सडको दायाँ बायाँ ५०० मिटर सम्मका क्षेत्र,

(ग) तुरतुरे (डुम्रे पालुङ्गटार सडक खण्ड) देखि पालुङ्गटार जाने मूल सडक पालुङ्गटार वडा नं. ५ भवानी बहुमुखी क्याम्पस देखि नगरपालिका कार्यालय भएको चोक सम्म दायाँ बायाँ ५०० मिटर सम्मका क्षेत्र ।

(२५) स्याङ्गजा जिल्ला

(२५.१) पुतली बजार नगरपालिका :

(क) वयलफियर चोक (ब्रिटिस क्याम्प) इन्द्रिस रानीस्वारा जाने चोकमा रहेको पुतली बजार नगरपालिका वडा नं. ४ अन्तर्गत भूतपूर्व सैनिक खानेपानी समितिबाट निर्मित दोस्रो खानेपानी योजनाको पानी ट्याङ्की वाडखोला देखि सिद्धार्थ राजमार्गको दाँया तर्फ ४०० मिटर (आँधीखोला सम्म) र बाँया तर्फ २०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिकाको वडा नं. ५ अन्तर्गत सिद्धार्थ राजमार्गको दाँया तर्फ आँधीखोला वारी किनार सिमा ४०० मिटर सम्म र बाँया तर्फ २०० मिटर सम्मका क्षेत्र,

(ग) नगरपालिकाको वडा नं. १ अन्तर्गत प्रगतीनगर मूल बजार हुँदै सिद्धार्थ राजमार्गको दाँयापट्टी बढीमा ४०० मिटर (आँधीखोलाको वारी सिमाना) सम्म र बाँया पट्टी बढीमा २०० मिटर सम्मका क्षेत्र र गण्डकी बसपार्क सम्मका क्षेत्र,

(घ) नगरपालिकाको वडा नं. १२, स्याङ्गजा राङ्गखोला पुल देखि विद्युत प्राधिकरणको स्टेसन सम्म सिद्धार्थ राजमार्गको दायाँ पट्टी २०० मिटर (आँधीखोलाको वारी सिमाना सम्म) प्लटिङ्ग क्षेत्र,

(ङ) नगरपालिकाको वडा नं. १४ मा सिद्धार्थ राजमार्गमा रहेको बाडखोला बजारदेखि सतौं चण्डी उकालो सम्म मूल सडकको बायाँतर्फ ५०० मिटर सम्मका क्षेत्र ।

(२५.२) भिरकोट नगरपालिका :

(क) सिद्धार्थ राजमार्गको दारसिङ्ग क्षेत्र भित्र पर्ने दायाँ तर्फ ५०० मिटर र बायाँ तर्फ ३०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिकाका वडा नं. १ र २ भित्र पर्ने बयरघारी बजार क्षेत्रको पूर्वाधार विकास भएका क्षेत्र दायाँ तर्फ ५०० मिटर र बायाँ तर्फ २०० मिटर सम्मका क्षेत्र,

(ग) नगरपालिकाको वडा ४ भित्र पर्ने छाङ्गछाङ्गदी मन्दिर वरपर दायाँ तर्फ ५०० मिटर र बायाँ तर्फ २०० मिटर सम्मका क्षेत्र ।

(२५.३) वालिङ्ग नगरपालिका :

(क) नगरपालिकाको वडा नं. १, २ र ३ अन्तर्गत सिद्धार्थ राजमार्ग दाँयातर्फ आँधीखोला वारी सिमाना सम्म र बायाँ तर्फ २०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिकाको वडा नं. २ मा अवस्थित शिव मन्दिर अर्थात फूलवारी जाने बाटोको चोक सम्म सिद्धार्थ राजमार्गको दाँया तर्फ ४०० मिटर (आँधीखोलाको वारी सिमाना)सम्म र बाँया तर्फ २०० मिटरसम्मका क्षेत्र,

(ग) नगरपालिकाको वडा नं. ५ मिर्दी बजार सिद्धार्थ राजमार्ग दाँया ४०० मिटर (आँधीखोला वारी सिमाना) सम्म र बाँया २०० मिटर सम्मका क्षेत्र,

(घ) नगरपालिकाको वडा नं. ८ मा पर्ने अर्मादी खोला पुल देखि रामबच्छा हुँदै सिद्धार्थ राजमार्गको दाँया ४०० मिटर आँधीखोला वारी सिमाना) सम्म र बाँया तर्फ २०० मिटर सम्मको क्षेत्र,

(ङ) नगरपालिकाको वडा नं. ६ भीत्रपर्ने मिर्दी चोकबाट एक्ले पिपल सम्म चापाकोट जाने मूल सडक खण्डको दायाँ बायाँ २०० मिटर सम्मका क्षेत्र ।

(२५.४) फेदिखोला गाउँपालिका :

(क) गाउँपालिकाको वडा नं. १ भीत्रपर्ने कुभिण्डे देखि पर्सेभाटीको घुम्तीसम्म सिद्धार्थ राजमार्गको दायाँबायाँ २०० मिटर सम्मका क्षेत्र,

(ख) गाउँपालिकाको वडा नं. १ पर्सेभाटी क्षेत्रको दायाँ ५०० मिटर सम्मका क्षेत्र,

(ग) गाउँपालिकाको वडा नं. १ सर्केटारी बजार क्षेत्रको दायाँ ५०० मिटर सम्मका क्षेत्र,

(घ) गाउँपालिकाको वडा नं. २ फेदिखोला बजारको घुम्तीदेखि फेदिखोलाको पुलसम्म सिद्धार्थ राजमार्गको दायाँ बायाँ २०० मिटर सम्मका क्षेत्र।

(२५.५) आँधीखोला गाउँपालिका :

(क) गाउँपालिकाको वडा नं. ५ भित्र पर्ने सेती दोभान बजारदेखि जुग्ले बजारसम्म (जुग्ले खोला पुल/भस्याङ्ग खोला पुलसम्म) नाउँडाँडा देखि कार्कीनेटा जाने मूल सडकको दायाँ ५०० मिटर र बायाँ २०० मिटर सम्मका क्षेत्र।

[∅](२५.६) चापाकोट नगरपालिका

(क) वालिङ्ग हुँदै चापाकोट जाने मूल सडक अन्तर्गत चापाकोट नगरपालिकाको वडा नं. १० को किसान चोकदेखि किसान बहु प्राविधिक शिक्षालय (CTEVT कलेज) हुँदै छितेखोला पुलसम्म मूल सडकको दायाँबायाँ ५०० मीटर भित्रको क्षेत्र।

(ख) नगरपालिकाको वडा नं. ९ छितेखोलाको पुलदेखि श्री गंगालाल उ.मा.वि. हुँदै श्री बैडी मा.वि. सम्म पक्की सडकको दायाँबायाँ ५०० मीटर भित्रको क्षेत्र।

(ग) नगरपालिकाको वडा नं. ९ सुन्तलीटारदेखि दामाचौर जाने मूल सडक अन्तर्गत कालिका चोकसम्म सडकको दायाँबायाँ २०० मीटर भित्रको क्षेत्र।

(२६) पर्वत जिल्ला

(२६.१) कुश्मा नगरपालिका :

(क) नगरपालिकाको वडा नं. ६ भीत्र पर्ने वान्द्रेवेणी चोकबाट नेपाल टेलिकम हुँदै वडा नं. ५ भीत्र पर्ने कुश्मा ज्ञादी झोलुङ्गे पुल (पर्वत जिल्ला कारागार) देखि दायाँ तर्फका क्षेत्र,

(ख) पोखरा बाग्लुङ्ग सडक खण्डको वडा नं. ६ भित्र पर्ने वान्द्रेवेणी चोकबाट वडा नं. ४ भीत्र पर्ने ० किलो मिटरसम्मको भू–भागको बायाँ तर्फ (कुश्मा बजार) तर्फका क्षेत्र,

(ग) नगरपालिकाको वडा नं. ५ भीत्र पर्ने हस्पिटल हुँदै डिलको बाटो (जिल्ला प्रशासन) हुँदै ० किलो मिटर तर्फ आउने डिलको बाटोको दायाँ तर्फका क्षेत्र।

(घ) नगरपालिकाको वडा नं. ९ (साबिक कटुवाचौपारी वडा नं. १) भित्रपर्ने दोबिल्ला हुँदै फलेवास जाने मूल सडकको थाउसे खोलादेखि चिन्ने खोलासम्म सडकको दायाँबायाँ ५०० मिटर सम्मको क्षेत्र।

(ङ) नगरपालिकाको वडा नं. ९ (साबिक कटुवाचौपारी वडा नं. १) भित्रपर्ने दोबिल्ला हुँदै फलेवास जाने मूल सडकको चिन्ने खोलादेखि मल्याङदी खोलासम्म बायाँतर्फ ३००मीटर र दायाँतर्फ ७००मीटर भित्रको क्षेत्र।

(च) नगरपालिकाको वडा नं. ९ (साबिक कटुवाचौपारी वडा नं. १) भित्रपर्ने दोबिल्लाहुँदै फलेवास जाने मूल सडकको लामाचौर भगवती मन्दिरबाट अधिकारी फाँट हुँदै रिमाल चोक जाने शाखा सडकको दायाँबायाँ २०० मीटर सम्मको क्षेत्र।

(छ) नगरपालिकाको वडा नं. २ (साबिक खुर्कोट वडा नं. २) भित्र पर्ने पोखरा बाग्लुङ्ग (भुपि शेरचन राजमार्ग) को छमर्केबाट बगैंचा हुँदै बनौ जाने सडक खण्डको श्री हिमालय मा.वि. देखि लक्ष्मी मन्दिर चोक-बास्तोला टोल हुँदै गहिरा टाहारी सालघारी जाने सडकखण्डको दायाँबायाँ ३०० मीटर भित्रको क्षेत्र।

(ज) नगरपालिकाको वडा नं. २ (साबिक खुर्कोट वडा नं. २) हिमालय मा. वि. देखि बनौ सडक भाटेबारीसम्म सडकको बायाँतर्फ ३०० मीटर सम्मको क्षेत्र।

[φ](झ) पोखरा-बाग्लुङ राजमार्ग अन्तर्गत कुश्मा नगरपालिकाभित्र पर्ने खरिया गेटदेखि शिवचोकसम्म मूल सडकको दायाँबायाँ १०० मीटर सम्मको क्षेत्र।

∅ प्रशासकस्तरीय निर्णयबाट थप गरिएको (परिपत्र नं. ११८४)।

(२६.२) फलेवास नगरपालिका

(क) नगरपालिकाको वडा नं. ४ (साबिक मुडिकुवा गा.वि.स.) भित्र पर्ने माटेदेवल मा.वि. मुडिकुवादेखि कमले बजारसम्म दोबिल्ला फलेवास सडकको दायाँबायाँ ३०० मीटर सम्मको क्षेत्र।

(ख) नगरपालिकाको वडा नं. ५ (साबिक खानिगाँउ गा.वि.स.) भित्र पर्ने दोबिल्ला खानिगाँउ सडकको पानी ट्याङकी पिप्ले हुँदै भवानी विद्यापिठ मा. वि.लगायत खौला सम्मको सडकको दायाँबायाँ ३०० मीटर भित्रको क्षेत्र।

(ग) नगरपालिकाको वडा नं. ६ (साबिक देविस्थान गा.वि.स.७) भित्र पर्ने दोबिल्ला फलेवास सडकको कमले बजार हुँदै फलेवास ओख्ले खोलासम्म सडकको दायाँबायाँ ३०० मीटर तथा ओख्ले खोलादेखि फलेवास डिकसम्म सडकको दायाँतर्फ ५०० मिटर सम्मको क्षेत्र।

[φ](२६.३) मोदी गाउँपालिका

(क) पोखरा बाग्लुङ्ग राजमार्गमा पर्ने डिमुवा चोकबाट राम्जा जाने सडकहुँदै ६ नं. वडा कार्यालयसम्म मूल सडकसँग जोडिएको दायाँबायाँको क्षेत्र।

(ख) गाउँपालिका अन्तर्गत वडा नं. २ मा पर्ने मोदी पुलदेखि पाती खोलासम्म मूल सडकको दायाँबायाँ १०० मीटर सम्मको क्षेत्र।

(२७) बाग्लुङ्ग जिल्ला

(२७.१) बाग्लुङ्ग नगरपालिका :

(क) नगरपालिकाको वडा नं. १ भित्र पर्ने मालढुङ्गा बाग्लुङ्ग (बजार) सडक खण्डको रामेखा घुम्ती देखि रामेखाको दायाँ तर्फ ५०० मिटर र बायाँ तर्फ १५० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिकाको वडा नं. २ का क्षेत्र,

(ग) नगरपालिकाको वडा नं. ३ भित्रको कम्फु डिल र मुलपानी बाहेकका क्षेत्र,

(घ) नगरपालिकाको वडा नं. १४ भित्रपर्ने नारायणस्थान क्षेत्रभित्र कालीगण्डकी करिडोर सडक खण्ड पैंयुपाटा नारायणस्थानको सिमाना यान्त्रिक पुल चोकदेखि पानी टंकीसम्म सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र,

(ङ) नगरपालिकाको वडा नं. १४ भित्रपर्ने कुश्मीसेरा सडक खण्डभित्रको पानी टंकीदेखि राक्से पाखासम्म मूल सडकको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र।[1]

(२७.२) गलकोट नगरपालिका :

(क) नगरपालिकाको वडा नं ३ मध्य पहाडी लोकमार्गमा पर्ने लोकतान्त्रिक चोकदेखि सेरा बजारसम्म मध्य पहाडी लोकमार्गको दायाँतर्फ २०० मीटर र बाँयातर्फ १०० मीटर भित्रको क्षेत्र।

(ख) नगरपालिकाको वडा नं ६ गौदिखोलाको पुलदेखि ताराखोला जोड्ने पुलसम्म मूल सडकको दायाँतर्फ २०० मीटर र बाँयातर्फ १०० मीटर भित्रको क्षेत्र।

(२८) रुपन्देही जिल्ला

(क) बुटवल उप-महानगरपालिका अन्तर्गत मोटरबाटो रहेका सम्पूर्ण वडाका क्षेत्र,

[φ](ख) सैनामैना नगरपालिका अन्तर्गत मोटरबाटो लगायतका पूर्वाधारयुक्त सम्पूर्ण क्षेत्रहरु।

(ग) सालझण्डी बजारदेखि अर्घाखाँची जाने ढोरपाटन सडकको फुलबारी चोकसम्म दायाँबायाँ २०० मिटरको क्षेत्र।

[φ](घ) तामनगर–फर्साटिक सडकखण्डको दायाँबाँया ५०० मीटर सम्मको क्षेत्रहरु।

[†](ङ) फर्साटिकर बजार क्षेत्रको पूर्वतर्फ मैनिहवा तथा दक्षिण पश्चिमतर्फ बकुलि बजार सम्मको क्षेत्र।

(च) देवदह नगरपालिका अन्तर्गत बुटवल उपमहानगरपालिकाको सिमाना देखि सुनवल नगरपालिकाको सिमाना सम्म पूर्व पश्चिम लोकमार्गको दायाँबायाँ २ किलोमिटर सम्मको क्षेत्रहरु ।

(छ) सिद्धार्थ लोकमार्गको बुटवल-भैरहवा सडक खण्ड अन्तर्गत तिलोत्तमा नगरपालिकामा पूर्वतर्फ ५ किलोमिटर, ओमसतिया गाउँपालिकामा पूर्वतर्फ ३ किलोमिटर तथा दुवै पालिकामा पश्चिमतर्फ २ किलोमिटर सम्मको क्षेत्र।

[φ] प्रशासकस्तरीय निर्णयबाट थप तथा संशोधन (परिपत्र नं. ११९७)।

φप्रशासकस्तरीय निर्णयबाट संशोधन (परिपत्र नं. ११९७)।

[†] प्रशासकस्तरीय निर्णयबाट संशोधन गरिएको (परिपत्र नं. ११६५)।

(ज) सिद्धार्थनगर नगरपालिका अन्तर्गत मोटरबाटो रहेका सम्पूर्ण क्षेत्र।

[φ](झ) बेलवास बेथरी सडक शुद्धोधन गाउँपालिका अन्तर्गत् बुटवल उप महानगरपालिकाको सिमानादेखि सियारी गाउँपालिकाको सिमानासम्म पूर्वतर्फ तिनाउ नदीको मापदण्ड बाहेकको क्षेत्र र पश्चिमतर्फ दानव नदीको मापदण्ड बाहेकको क्षेत्र।

[φ](ञ) बेलवास बेथरी सडक सियारी गाउँपालिका अन्तर्गत् शुद्धोधन गाउँपालिकाको सिमानादेखि मायादेवी गाउँपालिकाको सिमानासम्म पूर्वतर्फ तिनाउ नदीको मापदण्ड बाहेकको क्षेत्र र पश्चिमतर्फ दानव नदीको मापदण्ड बाहेकको क्षेत्र।

[†](ट) भैरहवा (देवकोटा चोक) परासी सडक खण्डमा (ओमसतिया गाउँपालिका, रोहिणी गाउँपालिका र रामग्राम नगरपालिका) डण्डा खोला पुलदेखि परासी बजारसम्म उत्तर तर्फ ३ किलोमीटर र दक्षिण तर्फ ५०० मिटर सम्मको क्षेत्र।

[†](ठ) मायादेवी गाउँपालिका अन्तर्गतको लुम्बिनी सडकमा सिद्धार्थनगर नगरपालिकाको सीमानादेखि लुम्बिनी सांस्कृतिक नगरपालिकाको सीमानासम्म उत्तरतर्फ २ किलोमीटर र दक्षिणतर्फ ५०० मीटर सम्मको क्षेत्र।

[†](ड) लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गतको लुम्बिनी सडकमा पर्ने मायादेवी गाउँपालिकाको सीमानादेखि पर्सा चोकसम्म उत्तरतर्फ २ किलोमीटर र दक्षिणतर्फ २०० मीटर सम्मको क्षेत्र।

[⊕](ढ) मुर्गिया लुम्बिनी सडक अन्तर्गत मुर्गियादेखि वेलवा मा.वि.(शुद्धोधन गाउँपालिका) सम्म सडकको दायाँ–बायाँ ५०० मिटर सम्मको क्षेत्र।

⊕(ण) रामापुर कलौनी चोकदेखि हात्तिबजार (कंचन गाउँपालिका) सम्म गौतमबुद्ध सडकको दायाँ–बायाँ ५०० मिटर सम्मको क्षेत्र।

[φ](त) बेलवास बेथरी सडक मायादेवी गाउँपालिका अन्तर्गत् सियारी गाउँपालिकाको सिमानादेखि बेथरीसम्म पूर्वतर्फ तिनाउ नदीको मापदण्ड बाहेकको क्षेत्र र पश्चिमतर्फ दानव नदीको मापदण्ड बाहेकको क्षेत्र।

[φ](थ) लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गत् पर्सा चोकदेखि लुम्बिनी विकास कोषको दक्षिण सीमानासम्म (बिष्णुपुरा सडकमा) सडकको पूर्वतर्फ १ किलोमीटर सम्मको क्षेत्र।

[φ] (द) तिलोत्तमा नगरपालिका अन्तर्गत मोटरबाटो लगायतका पूर्वाधारयुक्त सम्पूर्ण क्षेत्रहरु।

[≈](२९) नवलपरासी (पूर्व) जिल्ला

(२९.१) कावासोती नगरपालिका:

(क) मध्यबिन्दु नगरपालिकाको सिमाना देखि देवचुली नगरपालिकाको सिमाना सम्म पूर्व–पश्चिम लोकमार्गको दायाँबायाँ २ किलोमिटर सम्मको क्षेत्र।

(२९.२) देवचुली नगरपालिका:

(क) कावासोती नगरपालिकाको सिमाना देखि गैडाकोट नगरपालिकाकाको सिमाना सम्म पूर्व पश्चिम लोकमार्गको दायाँबायाँ २ किलोमिटर सम्मको क्षेत्र।

(२९.३) गैंडाकोट नगरपालिका:

(क) देवचुली नगरपालिकाको सिमाना देखि नारायणी नदी सम्म पूर्व पश्चिम लोकमार्गको दायाँबायाँ २ किलोमिटर सम्मको क्षेत्र।

(२९.४) विनय त्रिवेणी गाउँपालिका:

(क) बर्दघाट नगरपालिकाको सिमाना देखि मध्यविन्दु नगरपालिकाको सिमाना सम्म पूर्व पश्चिम लोकमार्गको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र।

(२९.५) मध्यबिन्दु नगरपालिका:

(क) विनय त्रिवेणी गाउँपालिकाको सिमाना देखि कावासोती नगरपालिकाको सिमाना सम्म पूर्व पश्चिम लोकमार्गको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र।

---

† प्रशासकस्तरीय निर्णयबाट थप गरी संशोधन गरिएको (परिपत्र नं. ११६५)।

⊕ प्रशासकस्तरीय निर्णयबाट थप गरिएको (परिपत्र नं. ११७६)।

≈ प्रशासकस्तरीय निर्णयबाट संशोधित तथा थप गरिएको (परिपत्र नं. ११७६)।

φप्रशासकस्तरीय निर्णयबाट संशोधन (परिपत्र नं. ११९७)।

(३०) नवलपरासी (पश्चिम) जिल्ला

(३०.१) सुनवल नगरपालिका:

[१](क) सुनवल नगरपालिका, सरावल गाउँपालिका र बर्दघाट नगरपालिका अन्तर्गत देवदह नगरपालिकाको सिमाना देखि विनय त्रिवेणी गाउँपालिकाको सिमाना सम्म पूर्व पश्चिम लोकमार्गको दायाँबायाँ २ किलोमिटर सम्मको क्षेत्र।

(३०.२) बर्दघाट नगरपालिका :

(क) नगरपालिकाको बर्दघाट चोक देखि त्रिवेणी जाने बाटोको ज्यामिरेभार दुर्गा मन्दिरसम्म ४ किलो मिटर दाँया बाँया २०० मिटर सम्मका क्षेत्र,

(३०.३) रामग्राम (परासी) नगरपालिका:

(क) नगरपालिकाको देहायका क्षेत्र :

(अ) पूर्व तर्फ बजार क्षेत्रलाई जोड्ने हुलाकी मार्गको पुल सम्मका क्षेत्र,

(आ) पश्चिम तर्फ बजार क्षेत्रलाई जोड्ने हुलाकी मार्गसग जोडिएको पक्की पुलसम्मका क्षेत्र,

(इ) उत्तर तर्फ बजारको उत्तर तर्फ रहेको खानेपानी टंकी सम्मका क्षेत्र,

(ई) दक्षिण तर्फ महेशपुर तर्फ जाने चोक र सो चोकभित्रको बजार क्षेत्र र हुलाकी मार्गको बाहिरी तर्फको २०० मिटर सम्मका क्षेत्र।

(३०.४) सुनवल–परासी सडक खण्डको दाँया बाँया ५०० मिटर सम्मका क्षेत्र,

(३०.५) भूमही–परासी सडक खण्डको दाँया बाँया ३०० मिटर सम्मका क्षेत्र,

(३१) कपिलवस्तु जिल्ला

(३१.१) बाणगंगा नगरपालिका:

[१](क) पूर्व पश्चिम लोकमार्गको पिपरा चोकदेखि सिद्धार्थ बहुमुखी क्याम्पससम्म लोकमार्गको दाँयाबाँया २ किलोमीटरसम्मको क्षेत्र।

[१](ख) पूर्वपश्चिम राजमार्गको बोडगाँउ चोकदेखि कोईली बनगाईसम्म लोकमार्गको दाँयाबाँया २ किलोमीटरसम्मको क्षेत्र।

[२](ग) जितपुर ४ नं. चोकदेखि तौलिहवा जाने बाटोको ओदारी बजारसम्म सडकको दायाँ-बायाँ १ किलोमीटर सम्मको क्षेत्र।

[१](घ) कोइली बनगाइ–डोहोटे सडक खण्डमा बनगाइदेखि कोइली खोला पुलसम्म सडकको दायाँबायाँ ५०० मिटर सम्मको क्षेत्र।

(३१.२) बुद्धभूमि नगरपालिका:

[१](क) पूर्व पश्चिम लोकमार्गको वाणगंगा नगरपालिकाको सिमाना देखि गोरुसिंगे बजार, बुड्ढी चौराहसम्म राजमार्गको दाँयाबाँया २ किलोमीटर सम्मको क्षेत्र।

(ख) नगरपालिका अन्तर्गत पूर्वपश्चिम लोकमार्गको डुमरा बजारक्षेत्र, ईमिलिया बजार, बुद्धभूमिचोक, चम्पापूर क्षेत्र अन्तर्गत लोकमार्गको दाँयाबाँया १ किलोमिटरसम्मको क्षेत्र।

[१](ग) गोरुसिंगे-पत्थरकोट सडकखण्डमा गोरुसिंगेदेखि पत्थरकोटसम्म मूल सडकको पूर्वतर्फ ३०० मिटर र पश्चिम तर्फ १ किलोमिटरसम्मको क्षेत्र।

(३१.३) शिवराज नगरपालिका:

[१](क) पूर्व पश्चिम लोकमार्गको चन्द्रौटा बजार क्षेत्र र खरेन्द्रपुर बजार क्षेत्रमा लोकमार्गका दायाँबायाँ १.५ किलोमीटर सम्मको क्षेत्र।

[१](ख) शिवपूर बजार क्षेत्रमा बुद्धभूमि नगरपालिकाको सिमाना देखि १ नं. वडा कार्यालयसम्म पुर्व पश्चिम लोकमार्गको दायाँ–बायाँ १.५ किलोमीटरसम्मको क्षेत्र।

---

[१] प्रशासकस्तरीय निर्णयबाट संशोधन तथा थप गरिएको (परिपत्र नं. ११७६) ।

[२] प्रशासकस्तरीय निर्णयबाट संशोधन (परिपत्र नं. ११९७)।

(३१.४) कपिलवस्तु नगरपालिका :

(क) भिक्षु चोक देखि नयाँ टोल चोकसम्म सडक खण्डको पूर्व तर्फ ५०० मिटर र पश्चिम तर्फ १०० मिटर सम्मका क्षेत्र,

(ख) नयाँ टोल चोक देखि जिल्ला प्रशासन कार्यालय तथा नगरपालिकाको कार्यालय हुँदै लुम्बिनी जाने बाटोको जमुवार पुलसम्म दाँया बाँया १०० मिटर सम्मका क्षेत्र।

[φ] (ग) नगरपालिका अन्तर्गत् जिल्ला प्रशासन कार्यालयदेखि पूर्व, पश्चिम, उत्तर र दक्षिण गरि चारै दिशातर्फ १.५ किलोमीटर सम्मको क्षेत्र।

(३२) पाल्पा जिल्ला

(३२.१) तानसेन नगरपालिका :

(क) नगरपालिका अन्तर्गत सिद्धार्थ राजमार्ग बासटाँरी देखि प्रभास बजार क्षेत्र राजमार्गको दाँया वाँया ५०० मिटर सम्मका क्षेत्र,

(ख) नगरपालिका अन्तर्गत सिद्धार्थ राजमागको बर्तुङ बजार चोक देखि तानसेन बजार जाने काजिपौवा तानसेन बहुमुखी क्याम्पस आसपासका क्षेत्र,

(ग) नगरपालिका अन्तर्गत पूर्व तर्फ आन्दोलन चोक देखि मिसन हस्पिटल जाने बाटोको दायाँ तर्फ १०० मिटर बायाँतर्फ ५०० मिटर सम्मका क्षेत्र,

(घ) नगरपालिका अन्तर्गत आन्दोलन चोक उतर तर्फ तानसेन बजार हुदै लाईन्स अस्पतालको सडक हुदै खानेपानी ट्यांकि सम्मका क्षेत्र,

(ङ) नगरपालिका अन्तर्गत आन्दोलन चोक पश्चिम तर्फ घुम्टी चोक बसन्तपुर कैलाशनगर सम्मका क्षेत्र।

[⊕](३२.२) रामपुर नगरपालिका:

(क) बेझाड चोकदेखि बाङ्गे पसल चोकसम्मको सडकसँग जोडिएको क्षेत्र।

(ख) बेझाड चोकदेखि रामपुर सहकारी चोक सम्मको सडकसँग जोडिएको क्षेत्र।

(ग) बेझाड चोकदेखि कामना विकास बैंक सम्मको सडकसँग जोडिएको क्षेत्र।

(घ) बेझाड चोकदेखि स्कुल रोडसम्मको सडकसँग जोडिएको क्षेत्र।

(ङ) वडा नं. ५ को नमस्ते पथमा बेझाड–किसनबारि सडक देखि आर्यभञ्ज्याङ्ग रामपुर सडकखण्डको बसपार्क जाने बाटो सम्म सडकसँग जोडिएको क्षेत्र।

(च) मालपोत लाइनको सडकमा बसपार्क देखि माथिल्लो बेझाड चोक सम्म सडकसँग जोडिएको क्षेत्र।

(छ) कालिआँप चोकदेखि पृथ्वीचोक हुँदै विजयपुर बजारसम्म सडकसँग जोडिएको क्षेत्र।

(ज) कौवा चोकदेखि कौवा पुच्छरसम्म सडकसँग जोडिएको क्षेत्र।

(झ) विजयपुर चोकदेखि तालपोखरा हुँदै डल्ले चौपारीसम्म सडकसँग जोडिएको क्षेत्र।

(ञ) किसनबारी बजारक्षेत्रको सम्पूर्ण क्षेत्र।

(ट) काली गण्डकी करिडोर अन्तर्गत वडा नं. ४, ५ र ६ मा करिडोर सडकसँग जोडिएको क्षेत्र।

(३३) बाँके जिल्ला

(३३.१) नेपालगञ्ज उप-महानगरपालिका :

(क) उपमहानगरपालिकाको साविक नेपालगञ्ज नगरपालिकाका वडा नं. १ देखि वडा नं. १७ सम्मका क्षेत्र,

(ख) महेन्द्र बहुमुखि क्याम्पसदेखि उत्तरतर्फ कोहलपुर चोकसम्म सुर्खेत रोडको दायाँबायाँ १.५ किलो मिटर सम्मका क्षेत्र,

[†](ग) नेपालगञ्ज गुलरिया जोड्ने हुलाकी सडकको पूर्वमा धम्बोजी चोक र पश्चिमतर्फ खजुरागाउँपालिकाको इलाका प्रहरी कार्यालय धनौलीसम्मको सडकखण्डको दायाँबायाँ १ किलोमीटर सम्मका क्षेत्र तथा सोही सडकको धनौलीदेखि पश्चिमतर्फ खजुरा गाउँपालिका वडा नं ६ सिमलघारी चोकसम्मको सडक खण्डको दायाँबायाँ ५०० मीटर सम्मको क्षेत्र।

[⊕] प्रशासकस्तरीय निर्णयबाट संशोधन तथा थप गरिएको (परिपत्र नं. ११७६) ।

[†] प्रशासकस्तरीय निर्णयबाट संशोधन गरिएको (परिपत्र नं. ११६५) ।

(घ) नेपालगञ्ज गणेशमान चोक देखि पश्चिम गौघाटजाने बाटोको रिमझिम चोक हुँदै 'बी' गाउँ, खजुरा बजारसम्मको मूल सडकको दाँया बाँया २०० मिटर सम्मका क्षेत्र,

(ङ) राँझा चोकबाट पूर्वतर्फ सैनिक अस्पताल हुँदै भैयापुर गाउँ जाने चोकसम्म दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र,

(च) ईन्द्रपुर चोक (नेपालगञ्ज गुलरीया सडक खण्ड) देखि दक्षिणतर्फ ढोड गाउँ चोक (गणेशमान चोक देखि गौघाट जाने मूल सडक) हुँदै गणेशमान चोकसम्म नेपालगञ्ज बजार क्षेत्र सम्मका क्षेत्र,

(छ) ईन्द्रपुर चोक (नेपालगञ्ज गुलरीया सडक खण्ड) देखि उत्तरतर्फ राँझा चोक (नेपालगञ्ज कोहलपुर सडक) निस्किने मूल सडकको नेपालगञ्ज बजार क्षेत्र भित्र पर्ने क्षेत्र,

(ज) नेपाल विद्युत प्राधिकरण, प्रदेश डिभिजन कार्यालय नेपालगञ्ज (नेपालगञ्ज बसपार्क) देखि नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २२ को वडा कार्यालयसम्म हुलाकी सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

(झ) पूर्व-पश्चिम लोकमार्गको मदनचोक देखि दक्षिण सुर्खेत रोडमा पर्ने हवल्दारपुर चोकसम्म सडकको दायाँबायाँ १५० मिटर सम्मका क्षेत्र।

(ञ) पिप्रहवा चोक देखि पश्चिम खजुरा रोड (हुलाकी मार्ग) जोड्ने सडकको बायाँतर्फ सडकसँग जोडिएका क्षेत्रहरु।

(ट) खजुरा १ नं बाट उत्तर तर्फ रझेनासम्म सडकसँग जोडिएको क्षेत्र।

(ठ) हुलाकी सडक खण्ड अन्तर्गत् २२ नम्बर वडा कार्यालय पुरैना चौक देखि कान्ती तालसम्म राजमार्गको दाँयाबाँया २०० मिटरको क्षेत्रहरु र कान्ती ताल देखि डुडुवा गा. पा को ४ नम्बर वडा कार्यालय भवन सम्मका राजमार्ग सँग जोडिएका क्षेत्रहरु।

(ड) सुर्जी गाँऊ नहरको बाटो हुँदै नेपालगन्ज बसपार्क सम्मका पश्चिम तर्फका सम्पुर्ण क्षेत्रहरु।

[¥](ढ) उपमहानगरपालिकाको वडा नं. १९ अन्तर्गत् भैयापुर गाउँ जाने चोकबाट आलानगर हुँदै ने.रा.मा.वि. कन्ठीपुर, कट्लियाबाट हुलाकी राजमार्ग (राप्ती रोड) को शान्ति चोक (राप्ती आयल स्टोर्स) सम्मको सडक खण्डको पश्चिम (दायाँ तर्फ) नेपालगञ्ज बजार क्षेत्रका सम्पूर्ण क्षेत्रहरू तथा बायाँतर्फ सो सडकसँग जोडिएका क्षेत्रहरू।

(३३.२) खजुरा गाउँपालिका :

(क) खजुरा गाउँपालिकाको खजुरा बजारमा रहेको पृथ्वी चोक देखि च्यामा पुल जाने बाटोमा पर्ने मनकामना चोकसम्म सडकको दायाँ बायाँ ३०० मिटर सम्मका क्षेत्र,

[¥](ख) गाँउपालिकाको रिमझिमचोकबाट गौघाट बाबास्थानचोकसम्म मूल सडकको दायाँबायाँ ३०० मिटर सम्मको क्षेत्र।

(३३.३) बैजनाथ गाउँपालिका :

(क) गाउँपालिकामा पर्ने सम्झना बजार चोक हुँदै खजुरा बजार निस्कने च्यामा–सैनिक सडक खण्डमा पर्ने एच गाउँमा रहेको ईश्वरी मा.वि. सम्म सडकको दायाँबायाँ २०० मीटर सम्मका क्षेत्र।

(ख) सम्झना बजार चोक हुँदै खजुरा बजार निस्कने च्यामा–सैनिक सडक खण्डमा पर्ने एच गाउँमा रहेको ईश्वरी मा. वि. बाट दक्षिणतर्फ खजुरा बजारसम्म जाने सडक सँग जोडिएका क्षेत्रहरु।

(ग) स्याउलीबजार चोक (जिगाँऊ) देखि दक्षिणतर्फ गुरुवा गाँउको नेपाल राष्ट्रिय मा.वि.को कल्भटसम्म सडकको दायाँ–बाँया २०० मिटर क्षेत्रहरु।

(घ) स्याउलीबजार चोक (जिगाँऊ) देखि उत्तरतर्फ बनखेत हुँदै बैजनाथ गाँऊपालिकाको कार्यालयसम्म सडकसँग जोडिएका क्षेत्रहरु।

(ङ) बनकटुवा चोकदेखि उत्तरतर्फ ईलाका प्रहरी कार्यालय, नौवस्ता हुदै रत्न राजमार्गको सुतैंया चोकसम्म पुग्ने सडकसँग जोडिएका क्षेत्रहरु।

(च) गाँउपालिकाको तिलकपुरचोकबाट पश्चिमतर्फ चिल्लेटा हुँदै दाङ्गपुर गाउँ भएर वनकटवा–नौबस्ता सडक खण्डको सिंहभवानीसम्म बाटोको दक्षिणतर्फ महेन्द्र राजमार्गसम्मका सम्पूर्ण क्षेत्र र सोही सडकको अर्कोतर्फ २०० मिटर सम्मको क्षेत्र।

[¥] प्रशासकस्तरीय निर्णयबाट थप संशोधन गरिएको (परिपत्र नं. १२०९) ।

[¥] प्रशासकस्तरीय निर्णयबाट थप संशोधन गरिएको (परिपत्र नं. १२०९) ।

(३३.४) कोहलपुर नगरपालिका :

(क) पूर्व पश्चिम लोकमार्गको पूर्वतर्फ कोहलपुर चोक र पश्चिम तर्फ बैजनाथ गाउँपालिकाको चाँदनी चोक सम्मको सडक खण्डको दायाँ बाँया १ किलो मिटर सम्मका क्षेत्र,

(ख) पूर्व पश्चिम लोकमार्गको कोहलपुर चौराहाबाट पूर्वतर्फ रोहिणी खोलासम्मको लोकमार्गको दायाँ बाँया ५०० मिटर सम्मका क्षेत्र,

[¥](ग) महेन्द्र राजमार्गको कोहलपुर चौराहाबाट उत्तरतर्फ रत्न राजमार्ग (सुर्खेत तर्फ जाने बाटो) को चिसापानीसम्म सडकको दायाँतर्फ ७०० मीटर तथा बाँयातर्फ १ किलोमीटर सम्मको क्षेत्र ।

[¥](घ) चप्परगौडी चोकबाट उत्तरतर्फ चप्परगौडी-खड्गबार सडकबाट श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, निवुवा हुँदै कोहलपुर-१३ को रानीघाट पार्क जाने चोकसम्म सडकको दायाँतर्फ २०० मीटर र बायाँतर्फ ३०० मीटर सम्मको क्षेत्र ।

(ङ) पूर्व पश्चिम लोकमार्गको कोहलपुर चौराहा चोकबाट पश्चिमतर्फ पूर्व पश्चिम लोकमार्गको मदन चोकबाट उत्तरपट्टी त्रिवेणी चोक-विकासनगर चोक-समावेशी मा.वि. तिलकपुर-बैजनाथ वडा नं. ४ को वडा कार्यालय हुँदै सूर्खेत जाने रत्न राजमार्ग सडकले कोहलपुर चोकतर्फ भित्र पर्ने सबै क्षेत्रहरू र सो सडकको बाहिर तर्फ सडकबाट ३०० मिटर सम्मका क्षेत्र,

(च) पूर्व पश्चिम लोकमार्गको कोहलपुर चौराहा चोकबाट पश्चिम तर्फ एनसिसिएन/नर्सिङ कलेजबाट दक्षिण हुँदै, सिद्धार्थ आधारभूत विद्यालयलाई बायाँ पार्दै-दिव्य विद्यासदन मा.वि. हुँदै त्रिभुवन उ.मा.वि. कोहलपुर सुर्खेत रोडमा जोडिने सडकले कोहलपुर चौराहा चोकतर्फ भित्र पर्ने सबै क्षेत्र र सो सडकको बाहिर तर्फ सडकबाट ५०० मिटर भित्रको क्षेत्र ।

(छ) कोहलपुर नगरविकास समितिबाट विकसित सम्पूर्ण नगर क्षेत्र ।

(ज) पूर्व-पश्चिम लोकमार्गको मदनचोक देखि दक्षिण सुर्खेत रोडमा पर्ने हवल्दारपुर चोकसम्म सडकको बायाँतिर कोहलपुरतर्फका सम्पूर्ण क्षेत्रहरू र दायाँ तर्फ३०० मिटर भित्रका क्षेत्रहरू।

(३४) बर्दिया जिल्ला

(३४.१) गुलरिया नगरपालिका :

[¥](क) राजापुर - नेपालगञ्ज जोड्ने हुलाकी सडकखण्डको दायाँ-बायाँ ५०० मीटर सम्मको क्षेत्र,

(ख) नगरपालिकाका देहायका क्षेत्र :

(अ) निलो आयल पेट्रोल पम्पबाट उत्तरतर्फ-सन्तोषी टोलहुँदै सुहेलवासम्मका क्षेत्र,

(आ) सुहेलवा चोकबाट पश्चिमतर्फ-कोटही मन्दिर, जिल्ला कारागार, क्याम्पस रोड हुदै तुलापुर चोक सम्मका क्षेत्र,

(इ) तुलापुर चोकबाट दक्षिणतर्फ-गुलरिया गाउँ, बाबा पेट्रोल पम्प हुँदै मुर्तिहा रोड सम्मका क्षेत्र,

(ई) मुर्तिहा रोडबाट पूर्वतर्फ लक्ष्मण टोल हुँदै पुनः निलो आयल पेट्रोलपम्प सम्मका क्षेत्र,

(उ) माथिका अ, आ, इ र ई जोडिएर बन्ने रिङ्गरोड भित्रका क्षेत्र र उक्त रिङ्ग रोडबाट बाहिर तर्फ २०० मिटर सम्मका क्षेत्र ।

(३४.२) बाँसगढी नगरपालिका :

(क) पूर्व–पश्चिम लोकमार्गको पूर्वमा बेलवा चोक र पश्चिममा लक्ष्मणा चोक सम्मको दायाँ बाँया १ किलो मिटर सम्मका क्षेत्र ।

(ख) बाँसगढी बजार देखि हुलाकी राजमार्ग (मैनापोखरा) सम्ममा पर्ने सडकसँग जोडिएको दायाँ बाँया १०० मिटरका क्षेत्रहरु ।

(ग) लक्ष्मणा चोकदेखि चिसापानी चोक वडा नम्बर ९ को सडकको दायाँ-बायाँ २०० मिटरका क्षेत्रहरु ।

(घ) लक्ष्मण चोकदेखि दक्षिणमा हुलाकी राजमार्गसँग जोडिने गणेशपुर चोकसम्म सडकसँग जोडिएका क्षेत्रहरु ।

(३४.३) बढैयाताल गाउँपालिका :

(क) गुलरिया–नेपालगञ्ज जोड्ने हुलाकी सडक खण्डको दायाँबाँया १ किलो मिटर सम्मका क्षेत्र ।

[¥] प्रशासकस्तरीय निर्णयबाट संशोधन गरिएको (परिपत्र नं. १२०९) ।

[¥] प्रशासकस्तरीय निर्णयबाट संशोधन गरिएको (परिपत्र नं. १२०९) ।

(ख) सिजी चोकबाट हुलाकी सडक खण्ड भोलागौडीसम्म सडकसँग जोडिएको क्षेत्रहरु ।

(३४.४) मधुवन नगरपालिका :

(क) गुलरिया–राजापुर जोड्ने हुलाकी सडकको पूर्वमा १२ नम्बर चोक र पश्चिममा ८ नम्बर चोक भित्रपर्ने सडक खण्डको उत्तरपट्टी २०० मिटर र दक्षिण तर्फ १ किलो मिटर सम्मका क्षेत्र ।

(३४.५) राजापुर नगरपालिका :

(क) गुलरिया–राजापुर जोड्ने हुलाकी सडकको पूर्वमा रामजानी चोक र पश्चिममा अमर सहिद बहुमुखी क्याम्पस सम्मको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र,

[¥](ख) इलाका प्रशासन कार्यालय राजापुरबाट मुख्य बजार हुँदै शान्तिबजारतर्फ जाने सडकको टेडिया चोकसम्म पूर्वतर्फ ७०० मीटर र पश्चिमतर्फ २०० मीटर सम्मको क्षेत्र,

[φ](ग) नगरपालिका अन्तर्गत टेडिया चोकदेखि कालिका मा. वि. चनौरासम्म जाने सडकको दायाँबायाँ १०० मीटर सम्मको क्षेत्र ।

(३४.६) ठाकुरबाबा नगरपालिका :

(क) भुरीगाऊँ बजार देखि गुलरिया जाने सडकको शाहीपुरसम्म दायाँबायाँ ३०० मिटर सम्मका क्षेत्र,

[¥](ख) भुरीगाऊँ बजारमा महेन्द्र राजमार्गको पूर्वमा चुरे पेट्रोलपम्पदेखि पश्चिममा सिंहवाहिनी चोकसम्म सडकको उत्तर-दक्षिण दुवैतर्फ ५०० मीटर सम्मको क्षेत्र ।

(ग) महेन्द्र राजमार्गको सिंहवाहीनी चोकबाट रानीपुर हुँदै जगदम्बा मा.वि (मढेला) हुलाकी राजमार्गसँग जोडिएका क्षेत्रहरु ।

(घ) ठाकुरबाबा मन्दिरको बाघ चोकदेखि थारु चोकसम्म जाने सडकको बाँयातर्फ १०० मिटर र दायाँतर्फ जोडिएका क्षेत्रहरु ।

(ङ) ठाकुरबाबा नगरपालिका भुरीगाऊँ बजारदेखि गुलरिया जाने सडकको शाहीपुर हुँदै ढोढरी चोकसम्म दायाँ-बायाँ ३०० मिटर भित्रका क्षेत्रहरू ।

[¥](च) भुरीगाऊँ बजारदेखि दक्षिणतर्फ कञ्चनपुर गाउँ हुँदै जाने नेउलापुर गाउँमा रहेको आधारभूत स्वास्थ्य अस्पतालसम्म मूल बाटोसँग जोडिएको क्षेत्र ।

(३४.७) महेन्द्र राजमार्गको रम्मापुर चोक (५ नम्बर वडा) देखि जयनगर बजार जाने बाटोको सडकको दायाँबाँया २०० मिटर तथा जयनगर बजारको मुख्य चोकबाट चारैतर्फ ५०० मिटर सम्मका क्षेत्रहरु ।

[φ](३४.८) गेरूवा गाउँपालिका :

(क) गाउँपालिका अन्तर्गत बनकट्टी चोकदेखि उल्टनपुर गाँउ हुँदै थापापुर चोकसम्म मूल सडकसँग जोडिएको दायाँबायाँको क्षेत्र ।

(ख) गाउँपालिकाको वडा नम्बर ३ स्थित सरस्वती आधारभूत विद्यालयदेखि सिंहवाहिनी चोकसम्म शान्तीबजार बजार क्षेत्रमा मूल सडकको दायाँबायाँ १०० मीटरसम्मको क्षेत्र ।

(३५) दाङ जिल्ला

(३५.१) तुल्सीपुर उपमहानगरपालिका :

(क) उपमहानगरपालिका वडा नं. ५ र ६ का क्षेत्र,

[φ](ख) विरेन्द्र चोकदेखि दक्षिणतर्फ दिव्यज्योति बोर्डिङ्ग स्कुल चोकसम्म तुल्सीपुर-अमिलिया सडकखण्डको दायाबाँया १५०० मीटर सम्मको क्षेत्र,

[∅](ग) ×

[φ](घ) तुल्सीपुर वीरेन्द्र चोकदेखि पश्चिमतर्फ सुर्खेत जोड्ने मूल सडकको दायाँ-बायाँ १.५ किलोमीटर भित्र श्री कृष्ण मन्दिर हुँदै गहते खोलासम्मको क्षेत्र ।

[¥] प्रशासकस्तरीय निर्णयबाट संशोधन गरिएको (परिपत्र नं. १२०९)।

[φ] प्रशासकस्तरीय निर्णयबाट थप संशोधन गरिएको (परिपत्र नं. १२०९)।

[φ] प्रशासकस्तरीय निर्णयबाट संशोधन गरिएको (परिपत्र नं. १२०९)।

[∅] प्रशासकस्तरीय निर्णयबाट हटाइएको (परिपत्र नं. १२०९)।

[φ](ङ) उपमहानगरपालिकाको वीरेन्द्र चोकदेखि उत्तरतर्फ सल्यान जाने सडक अन्तर्गत् राप्ती आँखा अस्पताल रक्षाचौरसम्म, पूर्वतर्फ राप्ती शान्ति उद्यान पार्क (गणेशपुर पार्क) बाट पश्चिमतर्फ सल्यान जाने सडकसम्मको क्षेत्रहरू तथा दक्षिणतर्फ तुल्सीपुर-घोराही सडक सम्मको सम्पूर्ण क्षेत्र।

[φ](च) उपमहानगरपालिकाको वीरेन्द्र चोकदेखि घोराही उपमहानगरपालिकामा पर्ने कटुवा खोलासम्म मूल सडक खण्डको दायाँबायाँ २ किलोमिटर सम्मको क्षेत्र।

[¥](छ) तुलसीपुर-सुर्खेत सडक खण्डमा पर्ने दक्षिणमा दोघरेचोक, पुर्वमा प्रतापकोट जाने बाटो, उत्तरमा चुलसे चोकसम्म र पश्चिमतर्फ कृष्ण मन्दिरसम्म मूल सडकसँग जोडिएको क्षेत्र।

[¥](ज) तुलसीपुर-घोराही सडक खण्डमा पर्ने बिजौरी चोकदेखि दक्षिणतर्फ बिजौरी-डुरुवा सडकको मानपुर बजार हुदै चिल्ड्रेन हेभन इङ्गलिश बोर्डिङ्ग स्कुल लालपुर चोकसम्म मूल सडकको दायाँबायाँ २०० मीटर सम्मको क्षेत्र।

[¥](झ) तुलसीपुर-घोराही सडक खण्डमा पर्ने बिजौरी चोकदेखि दक्षिणतर्फ बिजौरी-भोजपुर सडकको लिटिल फ्लावर इङ्गलिश बोर्डिङ्ग स्कुल हुँदै साईपुर चोकको खानेपानी टयाङ्कीसम्म सडकको दायाँबायाँ २०० मीटर सम्मको क्षेत्र।

[¥](ञ) तुलसीपुर-घोराही सडक खण्डमा पर्ने बिजौरी चोकदेखि उत्तरतर्फ बिजौरी-बासगढि सडकको बासगढि चोकसम्म सडकको दायाँबायाँ २०० मीटर सम्मको क्षेत्र।

[¥](ट) तुलसीपुर-घोराही सडक खण्डको पर्सेनी चोकदेखि उत्तरतर्फ हलवार जाने बाटोको वडा नं. ७ मा रहेको बोगटी खानेपानी ट्याङ्कीसम्म मूल सडकको दायाँबायाँ १ किलोमीटर सम्मको क्षेत्र।

(३५.२) राप्ति गाउँपालिका :

[φ](क) महेन्द्र राजमार्ग अन्तर्गत् राप्ती गाउँपालिकाको सिसनिहा बजार क्षेत्रदेखि मौरीघाट, लालमटिया बजार हुँदै पाखापानीमा रहेको सशस्त्र प्रहरीको चेकिङ्ग प्वाइन्टसम्म मूल सडकको दायाँबायाँ १.५ किलोमीटर सम्मको क्षेत्र।

(ख) लुम्बिनी प्रदेश राजधानी मौरीघाट बजार क्षेत्रको सडकसँग जोडिएको क्षेत्र।

(३५.३) घोराही उपमहानगरपालिका :

[φ](क) उपमहानगरपालिकाका वडा नं. १४, १५ र १६ का क्षेत्रहरू,

(ख) उपमहानगरपालिकाको वडा नं. १७ को कटुवाखोला देखि पश्चिम र कर्जाही नाला देखि उत्तर तर्फका क्षेत्र,

(ग) कटुवा खोलादेखि घोराही गोल्ली हुँदै झिङ्गनी चोकसम्म मूल सडकको दायाँबायाँ ५०० मिटर सम्मका क्षेत्र।

(घ) सिस्ने खोला देखि दक्षिण तर्फ नेपाल विद्युत प्राधिकरणको सवस्टेशन चोकसम्म सडकको दायाँबायाँ ३०० मिटर सम्मका क्षेत्र,

[φ](ङ) ट्राफिक चोकबाट नवलपुर मितेरी अस्पतालको चोक हुँदै अम्बिकेश्वरी मन्दिरको बाटो भई उत्तरमा रिङरोड, पूर्वतर्फ घोरदौरा जाने बाटोको चोक र दक्षिणतर्फ प्यूठान बंगलाचुली जाने सडकको डबरी चोकभित्र पर्ने क्षेत्र।

(च) घोराही बसपार्क देखि रोल्पा होलेरी जाने सडकमा पर्ने श्री बराहक्षेत्र व्यापार सेवा प्रा.लि. को पेट्रोल पम्प देखि पश्चिमतर्फको चोक हुँदै दक्षिणतर्फ ज्ञानज्योति एजुकेसनल एकेडेमी–पतन्जली योग भवन देखि पूर्वतर्फ सेवार खोला सम्मका क्षेत्र र सो सडकको बाहिर तर्फ १०० मिटर सम्मका क्षेत्र,

